# भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १८ अधिवेशनको १८ (अठारौं) बैठकमा उपाध्यक्ष श्री अमृता देवी भट्ट (वस्ती)द्धारा प्रस्तुत आर्थिक बर्ष २०८३/८४ को

# बजेट बक्तव्य

भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा।

## २०८३ आषाढ ०५ गते

सभाअध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

गाउँ सभाका सचिवज्यू,

भिमसेनथापा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु,

विभिन्न क्षेत्रको प्रतिनिधित्व गरी आजको यस सम्मानित गाउँ सभामा उपस्थित हुनुभएका विशिष्ट व्यक्तित्वज्यूहरु, पत्रकार तथा सञ्चारकर्मी मित्रहरु एवं यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत एवं नमस्कार व्यक्त गर्दछु।

१. यस महत्वपूर्ण अवसरमा सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन र समानुपातिक समावेशी राज्य व्यवस्था स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्दै यस क्रममा घाइते तथा वेपत्ता हुनुभएका व्यक्ति र वहाँका परिवार प्रति सम्मान व्यक्त गर्दै राजनीतिक परिवर्तनको ऐतिहासिक नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुको संघर्षपूर्ण योगदानको स्मरण गर्न चाहान्छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि अमूल्य जीवनको आहुति दिनु भएका अमर सहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली ब्यक्त गर्दछु।

२. भिमसेनथापा गाउँपालिकाको सम्मानित गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको यस गरिमामय बैठकमा भिमसेनथापा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको प्रस्ताव पेश गर्न गइरहेको छु।

३. नेपालको संविधानले व्यवस्था गरेका राज्यका निर्देशक सिद्धान्तहरु, संघीय र प्रदेश सरकारका आवधिक योजना, संघीय तथा गण्डकी प्रदेश सरकारका बार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकासका लक्ष्य, प्रचलित कानूनहरु, सम्मानित गाउँ सभाबाट पारित गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरिएको छ। यसका साथै विभिन्न

क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपूर्ण राय, सल्लाह एवं सुझावहरुलाई समेत बजेट निर्माणमा ध्यान दिई सोही अनुरुप कार्यान्वयन गर्ने विश्वास लिएको छु।

४. गाउँपालिका भित्रका भौतिक पूर्वाधार देखि सार्वजनिक सेवा प्रवाहको गतिले तीव्रता पाएको छ। आर्थिक क्षेत्र र सामाजिक क्षेत्रमा गाउँपालिकाले गरेको लगानीले ती क्षेत्रसँगै अन्य बहुआयामिक क्षेत्रको विकास हुदै गएको छ। स्थानीय तहको विकासमा गैरसरकारी संस्था, निजी तथा सहकारी क्षेत्रको उपस्थिति बलियो हुदै गएको छ। समग्रमा गाउँपालिकाबासीले अनुभूति गर्ने ढंगबाट जनसहभागितामूलक पद्धतिको विकास भएको छ ।

५. चालू आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट समग्र गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक एवं संस्थागत विकास भई नागरिकको घरदैलोमा विकासका लाभहरु पुर्याई नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिई नागरिकले त्यसको महशुस गरेको अपेक्षा गरिएको छ।

६. वित्तीय संघीयता अनुरुप स्थानीय तहले प्राप्त गर्ने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी पूर्वाधार विकास, सामाजिक तथा आर्थिक क्षेत्रको विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, दिगो रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर संस्थागत विकास र सुशासनको क्षेत्रमा लगानी केन्द्रित गरेको छ। यसबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, पर्यटन प्रवर्द्धन, रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि भई गरिबी न्यूनीकरण गर्दै पालिकाको समृद्धि हासिल हुने दिशातर्फ बजेट केन्द्रित गरिएको छ।

७. आगामी आर्थिक वर्षको वजेट तयार गर्दै गर्दा संघ र प्रदेश सरकारवाट यस गाउँपालिकाको लागि विनियोजन भएका बजेट तथा कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले सबै वर्ग, क्षेत्र, लिंग र समुदायलाई समेट्ने गरी प्राप्त स्रोत र

साधनको अधिकतम एवं दिगो उपयोग गर्न ध्यान दिएको छु। साथै गाउँपालिकाको अधिकारक्षेत्र, सार्वजनिक सेवा प्रवाहमा पालिकाको भूमिका र सञ्चालित विकास आयोजनाको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालू आर्थिक वर्षका कार्यक्रमलाई जनताको चाहना, भावना, प्राथमिकता, माग र आवश्यकताका आधारमा बजेट तथा कार्यक्रमलाई परिमार्जन, संशोधन र निरन्तरता दिदै बजेट विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

८. भिमसेनथापा गाउँपालिकाको सेवा प्रवाहमा सुशासन, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ। सबै पालिकावासीलाई गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच घरघरमा स्वच्छ खानेपानी, सुरक्षित सडक पूर्वाधार, सुरक्षित आवास, सामाजिक न्याय र समानता, मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु नै यो बजेटको उद्देश्य रहेको छ।

९. गाउँपालिकाको आर्थिक विकासको स्तर तथा विकास निर्माण र सार्वजनिक सेवा प्रवाहका लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन तथा सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौतीहरु हुन्।

१०. न्यून आर्थिक स्रोत, जनशक्तिको अभाव, पर्याप्त कानूनी व्यवस्थाको अभाव, आवश्यक तथ्यांकहरुको अभाव, निर्माण कार्यमा हुने ढिलाई, कम लागतका धेरै कार्यक्रमहरु रहनु जस्ता प्रतिकूलताका बाबजुद पनि समग्रमा चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ । ठेक्का मार्फत संचालित अधिकांश आयोजनाहरु सम्पन्न हुने दिशातर्फ उन्मुख छन्।

## सभाअध्यक्षज्यू,

**११.** भिमसेनथापा गाउँपालिकाको जिम्मेवारी र खर्चको आवश्यकताको तुलनामा गाउँपालिका भित्र न्यून आन्तरिक आय संकलन हुने, संघ तथा प्रदेशबाट विनियोजित बजेटको सिमा भित्र रहेर कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने, संस्थागत हुने क्रममा रहेको संरचनागत तथा कार्यप्रक्रियागत सीमितता र निर्वाचित जनप्रतिनिधिहरु उपर आम जनताको उच्च अपेक्षाका बीच चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको हालसम्मको प्रगति उपलब्धिमूलक र उत्साहप्रद देखिएको छ।

**१२.** सभाअध्यक्ष महोदय, अव म चालु आर्थिक वर्ष २०८२।०८३ को हालसम्मको आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१३.** चालु आर्थिक बर्ष २०८२/८३ का लागि संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु १२ करोड ५० लाख अनुमान गरिएकोमा हालसम्म रु ११ करोड ४३ लाख १२ हजार रुपैयाँ, सशर्त अनुदान तर्फ २६ करोड ९४ लाख अनुमान गरिएकोमा शतप्रतिशत प्राप्त भएको छ, राजश्व बाँडफाँड तर्फ रु ७ करोड ९४ लाख ६७ हजार १ सय ४ रुपैया अनुमान गरिएकोमा रु ६ करोड ८५ लाख १६ हजार १ सय ६७ रुपैयाँ, समपुरक अनुदानमा रु ४ करोड ६ लाख अनुमान गरिएकोमा रु १ करोड ७ लाख ७२ हजार ७ सय ८ रुपैयाँ, विशेष अनुदानमा रु १ करोड १२ लाख रुपैयाँ अनुमान गरिएकोमा १४ लाख ७३ लाख २४ हजार अनुमान गरिएकोमा शतप्रतिशत प्राप्त भएको छ, समपुरक अनुदानमा ६० लाख अनुमान गरिएकोमा १७ लाख ३४ हजार ३ सय १४ रुपैया प्राप्त भएको छ, विशेष अनुदानमा रु ४० लाख रुपैयाँ अनुमान गरिएको छ, राजश्व बाँडफाँड तर्फ ८३ लाख २७ हजार मध्ये ४१ लाख ६६ हजार ३ सय ५१ रुपैयाँ र आन्तरिक स्रोत रु ५ करोड ७६ लाख ४१ हजार ८ सय ८९ रुपैया अनुमान गरिएको हाल सम्म ४ करोड २१ लाख ५१ हजार ४ सय ६० आम्दानी भएको छ।

## सभाअध्यक्षज्यू,

**१४.** यस गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी भिमसेनथापा गाउँपालिकालाई **ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमुना गाउँपालिका बनाई गाउँ टोल घर घरमा स्थानीय सरकारको** अनुभूति/प्रत्याभूति गराउँदै **म नमुना बन्छु म नमुना बनाउँछु** भन्ने वाक्याशंलाई सार्थक बनाई आम नागरिकमा सुशासनको प्रत्याभूति दिने गरी तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको उद्देश्यहरु तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।

**१५. अब म आगामी आ.व. २०८३/०८४ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।**

- स्थानीयस्तरमा उपलब्ध प्राकृतिक, मानवीय र आर्थिक स्रोत साधनको पहिचान गरी तिनको सही र अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
- संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूबीच समन्वय कायम गरी स्रोत र साधनको दोहोरोपना रोक्दै सन्तुलित विकास गर्नु,
- नागरिकको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभूत आवश्यकताहरु यथाशीघ्र परिपूर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्नु,
- उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी आर्थिक विकास गर्नु,
- मानव संशाधनको विकास गर्दै आर्थिक क्रियाकलाप वृद्धि गर्नु,
- योजना छनोट र बजेट निर्माण प्रक्रियामा स्थानीय जनताको प्रत्यक्ष सहभागिता गराई सरकारलाई जवाफदेही र पारदर्शी बनाउनु,
- आर्थिक, भौतिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकासमा समन्यायिक र सन्तुलित विकास गर्नु,
- स्थानीय स्तरमा आयमूलक कार्यक्रम र सीपमूलक तालिमहरू सञ्चालन गरी गरिबी न्यूनीकरण गर्नु र रोजगारीका अवसरहरू सिर्जना गर्नु।
- शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रको विकासबाट समुन्नत गाउँपालिकाको निर्माण गर्नु,

- संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्नु र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- गाउँपालिकालाई जलवायु उत्थानशील पालिका बनाउनु ।

**१६.** आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु । **भिमसेनथापा गाउँपालिकालाई समृद्ध पालिका निर्माण गर्नका लागि मैले देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।**

- कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण,
- समाजमा पछाडी परेका वर्ग, क्षेत्र, लिंग र समुदायको सशक्तीकरण र स्थानीय सरकामा पहुँच अभिवृद्धि गर्ने,
- आम नागरिकहरुमा शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने,
- भौतिक पूर्वाधार संरचनाको विकास, निर्माण, संरक्षण तथा सम्भार गर्ने,
- मानव संशाधनको विकास, विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकहरुलाई अनुभूति हुने गरी सुशासन प्रर्वद्धन गर्ने,
- गुणस्तरीय शिक्षा, स्वास्थ्य (आधारभूत अस्पताल), खानेपानी र सरसफाइको सुनिश्चितता गर्ने,
- स्रोत साधन, अवसर र जनशक्तिको उच्चतम प्रयोग गर्न सहकारी, गैर सरकारी क्षेत्र र निजी क्षेत्र बीच समन्वय र सहकार्य गर्ने,
- वडा तहका टोल भेला तथा बस्ती तहबाटै नागरिकको आवश्यकता संकलन गरी आयोजना तथा कार्यक्रम छनोट गर्ने प्रक्रिया अवलम्बन गर्ने,
- स्थानीयस्तरमा उद्यमशीलता विकास, सीपमूलक तालिम र सहकारी प्रवर्द्धन गर्ने,
- सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधार ।

**१७.** प्रस्तुत बजेटको उद्देश्यहरु हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ उपलब्ध पुँजी, प्रविधि, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

**१८.** नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान वापतको चालु तर्फको २७ करोड ५६ लाख र पूँजीगत तर्फको २५ लाख गरी कुल रकम रु. २७ करोड ८१ लाख सोही शीर्षकमा आएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छ।

## सभाअध्यक्षज्यू,

**गाउँसभाका सदस्यहरुज्यूहरु,**

**१९.** अब म यस गाउँपालिकाको विषयक्षेत्रगत प्रक्षेपित योजना तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न चाहन्छु। समग्र गाउँपालिकाको विकासका लागि आर्थिक विकास तर्फ रु २ करोड ७७ लाख, सामाजिक विकास तर्फ ३० करोड ७४ लाख, पूर्वाधार विकास तर्फ ४ करोड ६५ लाख, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ५० लाख र संस्थागत विकास तथा सुशासनका लागि ६० लाख रुपैयाँ त्यस्तै कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ रु ११ करोड ८५ लाख ९७ हजार ८ सय ३५ रुपैया ६० पैसा, गाउँपालिका पूँजीगत तर्फ १ करोड ६० लाख, वडागत रु ३ करोड ६६ लाख ५० हजार रुपैयाँ मात्र गरी कुल रकम रु ५६ करोड ३८ लाख ४७ हजार ८ सय ३५ रुपैयाँ ६० पैसाको बजेट, विषय क्षेत्रगत रुपमा विनियोजन गरेको छु। जसबाट गाउँपालिकाको समग्र विकासकमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

## सभाअध्यक्षज्यू,

## गाउँसभाका सदस्यज्यूहरु,

अब म यस आर्थिक वर्ष २०८३।०८४ को पालिका स्तरिय योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु।

**२०. अब म गाउँपालिकाको आर्थिक विकास तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

- भिमसेनथापा गाउँपालिकाका कृषकलाई बाख्रापालनमा मार्फत जीवनस्तर उकास्न तथा मासुमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन **बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।** यसका लागि रु १ करोड ५ लाख रुपैयाँ विनियोजन गरेको छु।

- गाउँपालिका भित्र उत्पादित कृषि उपजलाई व्यवस्थित भण्डार गर्नका लागि निरन्तर शित भण्डार व्यवस्थापन तथा संचालन गर्न विद्युतको नियमित प्रवाहका लागि रु १० लाख रुपैया बजेट विनियोजन गरेको छु।

- उत्पादन र उत्पादकत्वलाई बृद्धि गर्ने गरी कृषकहरुलाई **प्राङ्गारिक मलमा अनुदान** कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- गाउँपालिकालाई सुन्तलामा आत्मनिर्भर बनाउनको लागि नयाँ **सुन्तला जात पकेट विकास कार्यक्रमको लागि** रु १२ लाख ५० हजार विनियोजन गरेको छु।

- प्राविधिक जनशक्ति मार्फत कृषकहरुलाई टोल टोलमा भेटेरिनरी सेवा उपलब्ध गराउन पशु सेवा तर्फ **एक पालिका एक भेटेरिनरी डाक्टर** कार्यक्रमलाई निरन्तरता दिइएको छ।

- **एक घर एक व्यवसाय** कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

- उन्नत प्रजातिको पशुपालनका लागि **कृत्रिम गर्भाधान मिसन कार्यक्रमका** आवश्यक बजेट विनियोजन गरिएको छ।

- कृषकहरुलाई नियमित रुपमा गाउँ टोल घरघरमा सेवा प्रदान गर्न **पशु स्वास्थ्य घुम्ती शिविर तथा गाउँ टोल घरघरमा पशु प्राविधिक कार्यक्रम** कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै कृषकहरुलाई पशुपन्छीमा लागेको रोग निदानका लागि आवश्यक औषधी निःशुल्क रुपमा वितरण गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु।

- कृषकहरुले लगाएको बालिलाई संरक्षण गर्नका लागि **आकस्मिक वाली संरक्षण तथा वाली शिविर कार्यक्रम** संचालनका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।

- कृषकले उत्पादन गरेका कृषि उपजको बजारीकरणलाई सुनिश्चित गर्न **कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन** गर्न रु ७ लाख बजेट व्यवस्थापन गरेको छु। यसले किसानहरुको आर्थिक बृद्धि गरी जिविकोपार्जनमा टेवा पुग्ने विश्वास लिएको छु।

- **किसान सूचिकरण** कार्यक्रमलाई निरन्तरतता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

- **व्यवसायिक फलफुल खेति** कार्यक्रम संचालन गर्न रु ७ लाख बजेट विनियोजन भएको छु।
- सहकारी तथा अन्य संघसंस्थाहरुको क्षमता विकासका लागि विभिन्न तालिमहरु संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत दिगो रोजगार प्रवर्द्धन तथा व्यवसायिक सिप विकास कार्यक्रम संचालन गरि बजेट व्यवस्थापन गरिएको छ।

- वैदेशिक रोजगारीबाट फर्किएका रिटर्निलाई उद्यमशिलता तथा सिप बिकास कार्यक्रममा रु ४ लाख बजेट विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू,**

**२१. अब म गाउँपालिकाको सामाजिक विकास तर्फका बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

- जिल्ला स्तरीय रनिङ्ग शिल्ड तथा गाउँपा**लिका** स्तरिय शहिद स्मृति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनका लागि रु १६ लाख बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरुलाई समयसापेक्ष प्रविधिमैत्री बनाउन विभिन्न तालिम संचालनका लागि बजेटको व्यवस्था गरेको छु।
- निःशुल्क रुपमा विद्यालयको आन्तरिक परिक्षा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानीटरी प्याड व्यवस्थापन गर्न ८ लाख ९ हजार बजेट विनियोजन गरिएको छ।
- **अभिभावक शिक्षा संचालन तथा प्रोत्साहन अनुदान** मार्फत विद्यार्थी भाइबहिनीहरुलाई विद्यालय छुटाउने दर घटाउने कार्यक्रम संचालन गरिनेछ ।शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक लक्षित विभिन्न कार्यक्रम गर्दै अभिभावकलाई थप जिम्मेवार बनाइनेछ।यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सामुदायिक सिकाई केन्द्र मार्फत जनचेतना अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- विद्यार्थी भाइबहिनीहरुलाई सानो उमेर देखि नै **विद्यालय स्काउट कार्यक्रम** मार्फत अनुशासित एवं लगनशिल बनाउन विद्यालय स्काउट कार्यक्रमका लागि रु ५ लाख बजेट व्यवस्था गरिएको छ ।
- विद्यालय लेखा कर्मचारी तथा विद्यालय सहयोगीका लागि प्रतिव्यक्ति चालु आ.ब. मा खाईपाई आएको तलबलाई निरन्तरता दिएको छु।
- विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप मार्फत क्षमता विकास गर्न अतिरिक्त क्रियाकलाप शिर्षकमा बजेट विनियोजन गरेको छु।
- प्राविधिक शिक्षा प्रवर्द्धन गर्न विद्यालय संचालन अनुदान तथा विद्यार्थीहरुलाई छात्रवृत्ती तथा आवास सुविधाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- **गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति** वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- **जेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम**का लागि ७ लाख विनियोजन गरेको छु।
- विपन्न तथा असहाय जेष्ठ नागरिक र गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गर्भवती महिलाहरुको गाउँ घरमै पुगी अल्ट्रासाउण्ड गर्न **ग्रामिण अल्ट्रासाउण्ड** कार्यक्रमका लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।
- **निशुल्क तथा जेष्ठ नागरिक स्वास्थ्य सेवाका** लागि औषधि तथा सामग्रि खरिद गर्न रु ८ लाख बजेट विनियोजित गरेको छु ।
- हाम्रा बालबालिकाहरुलाई कुपोषणबाट बचाउन **बृद्धि अनुगमन प्रबर्धन** कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाबाट संचालित अक्कुपन्चर सेवालाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन रु ५ लाख बजेट विनियोजन गरेको छु।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन DHIS 2 RUSG ELMIS SBA लगायत अन्य विशेष तालिम सन्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

- स्वास्थ्य क्षेत्रको सुधारका लागि घरघरसम्म पुगेर सेवा प्रदान गर्न अहोरात्र खटिने **महिला स्वास्थ्य स्वंयसेविकाहरुका लागि प्रोत्साहन भत्ता, संचार सुविधा, चाडपर्व खर्च, स्वास्थ्य विमा** कार्यक्रम, सम्मानजनक विदाइ तथा मासिक बैठक व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पालिका स्तरिय शहिद स्मृति आधारभूत अस्पताल संचालनका लागि अनुदान स्वरुप रु १० लाख बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड सुधारका लागि आवश्यक सामाग्री तथा व्यवस्थापनका लागि सहयोग अन्तर्गत आवश्यक बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य चौकीहरुको भौतिक संरचनालाई स्तरोन्नति गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।
- **एक टोल एक स्ट्रेचर/ह्विल चियर** कार्यक्रमका लागि रु २ लाख बजेट विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण गरेका डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार उपलब्ध गराउन कार्यलाई निरन्तरता दिएको छु।
- शहिद स्मृती आधारभूत अस्पतालको सेवालाई चौविस घण्टा नै सुचारु राख्न रात्रिकालिन सेवा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- पालिका भित्रको खानेपानीको तथ्याङ्क अभिलेखलाई डिजिटलाइज गर्न संघीय सरकारसँगको_साझेदारीमा **NWASH MIS** कार्यक्रम संचालन गरिनेछ ।
- **बालमैत्री टोल/वडा/पालिका निर्माण र घोषणा कार्यक्रम संचालन** गर्नको लागि आवश्यक साझेदारी गर्ने गरी विभिन्न कार्यक्रमहरुमा बजेट व्यवस्था गरेको छु।
- **नमुना टोल निर्माण घोषणा** र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिनका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु। जसबाट गाउँपालिका भित्रका नमुना टोल निर्माण र घोषणालाई थप व्यवस्थित बनाउन सकिने विश्वास लिएको छु।
- गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग डिजिटल साक्षरता/साङ्केतिक भाषा तालिम/अपाङ्ग सहायता सामाग्री वितरण अपाङ्गमैत्री कार्यक्रम संचालन गर्न रु २ लाख बजेट विनियोजन गरेको छु।

- गाउँपालिका भित्रका विभिन्न धर्मावलम्बीहरुको लागि विगतमा छुट्याइएको व्यवस्थापन अनुदानलाई निरन्तरता दिएको छु । यसले धार्मिक सहिष्णुता अभिवृद्धि भई सभ्य र मर्यादित समाजको स्थापनामा योगदान गर्ने विश्वास लिएको छु ।

## सभाध्यक्षज्यू

२२. **पुर्वाधार विकास तर्फः**

- **भिमसेनथापा चक्रपथको** लागि संघीय सरकार समपुरक अनुदानको रु ८५ लाख र गाउँपालिकाको ५७ लाख गरी कुल कुल रु १ करोड ४२ लाख बजेट विनियोजन गरेको छु। उक्त बजेटको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका भित्रको महत्वपूर्ण लाईफ लाईन सडकको रुपमा रहेको उक्त क्षेत्रमा बार्है महिना यातायात सुचारु हुने विश्वास लिएको छु।
- **कयापानी-धावा सडक** योजनाको लागि प्रदेश सरकार समपुरक अनुदानको रु ६० लाख र गाउँपालिकाको ४० लाख गरी कुल रु १ करोड बजेट विनियोजन गरेको छु।
- बुर्लुङ्ग खोला सजवा झोलुङ्ग पुल र बुर्लुङ्ग खोला आंगेटारी झोलुङ्ग पुलको अधुरा काम आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ । उक्त पुल सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।यसबाट नागरिकहरुलाई यात्रामा सहजता हुने छ ।
- गाउँपालिका भित्रका सहायक सडक तथा गोरेटो सिढी बाटोहरुको स्तरोन्नतीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- **सबै वडाहरुको आफ्नै वडा भवन कार्यक्रम** सम्पन्न गर्न आगामी आर्थिक वर्षमा १ नं. वडा कार्यालयको भवन निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- भिमसेनथापा चक्रपथ अन्तर्गत पर्ने **ऐरिभञ्ज्याङ्ग गुरुङ्गगाउँ सडक स्तरोन्नतिका** लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।
- **एक घर एक धारा कार्यक्रम** अन्तर्गत सम्पन्न हुन बाँकी कार्यक्रमका लागि रु ४ लाख बजेटको व्यवस्था गरेको छु ।

## सभाध्यक्षज्यू,

**२४. अब म गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फका बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

- **पूर्ण सुरक्षितः भिमसेनथापा** गाउँपालिकाका निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न रु १५ लाख रकम विपद् व्यवस्थापन कोषको लागि विनियोजन गरेको छु ।
- स्वच्छ गाउँपालिका निर्माण गर्न वातावरण अनुकुलित फोहोरमैला व्यवस्थापन र फोहोरबाट आविष्कार कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।
- पूर्ण सुरक्षित गाउँपालिका निर्माणका लागि सामुहिक दुर्घटना विमा कार्यक्रमलाई निरन्तरता दिन रु १२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- विपदबाट हुने जनधनको क्षतिको न्युनिकरण गर्न गाउँपालिका भित्रका घरहरुको घर नक्सा अद्यावधिक तथा घर विमा कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरेको छु।
- सामुदायिक वनहरुको संस्थागत विकास गर्न तथा विपद्का घटनाहरुमा शीघ्र प्रतिकार्य गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग साझेदारीमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- **फोहोरबाट मोहोर कार्यक्रम**का लागि नकुहिने फोहोरहरुको संकलनलाई नियमित गरी संकलित फोहोरलाई विक्रि वितरण गरिनेछ ।
- जलबायु उत्थानशिलता कार्ययोजना निर्माण गर्न रु २ लाख बजेट विनियोजन गरिएको छ। जलवायु तथा विपद् व्यवस्थापनका लागि थप बजेटको व्यवस्था गरेको छु ।

## सभाध्यक्षज्यू

**२५. अब म गाउँपालिकाको संस्थागत विकास तथा सुशासन तर्फका बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

- **न्या**यिक समितिका काम कारबाहीहरुलाई सुव्यवस्थित रुपमा संचालन गरिनेछ। स्थानीय स्तरमा आउने विवादहरुलाई मेलमिलाप केन्द्र तथा न्यायिक समिति मार्फत निरुपण तथा मेलमिलापको माध्यमबाट टुङ्ग्याइनेछ। मेलमिलापकर्ता हरुको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- न्यायिक समितिका पदाधिकारी कर्मचारी क्षमता अभिबृद्धि तलिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको संस्थागत विकाससँग सम्बन्धित कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकामा हुने राजश्व चुहावट नियन्त्रण गरि सबैलाई करको दायरामा ल्याउन अबैध उत्खनन तथा चोरी निकासी नियन्त्रणको सूचनादाता प्रोत्साहन पुरस्कार गरिने छ । साथै उत्कृष्ट करदाता सम्मानमा आवश्यक बजेट व्यवस्था गरेको छु।
- विद्यार्थीका लागि सुरक्षित इन्टरनेट उपयोग र साईबर सचेतनाका कार्यक्रमका लागि रु ३ लाख बजेट बिनियोजन गरेको छु।
- सुशासन प्रवर्द्धनको औजारको रुपमा रहेको सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिक परिक्षण गर्नका लागि बजेट विनियोजन गरेको छु।
- जनतालाई घरदैलोमा स्थानीय सरकारको महशुस गराउनको लागि घुम्ति शिविर संचालन मार्फत सेवा उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु।
- उपभोक्ताको गुणस्तरीय सामाग्री सुपथ मूल्यमा लिन पाउने हकको सुरक्षा गर्न पालिकाबाट नियमित तथा आकस्मिक **बजार अनुगमनको** लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको विकासको सारथी टोल विकास संस्थालाई सशक्त बनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिने छ। त्यसका लागि बजेटको प्रबन्ध गरेको छु ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न व्यक्ति संघ संस्था सहायताका लागि बजेटको व्यवस्था गरेको छु ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।
- राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन नेपाल सरकारले आर्थिक २०८३/८४ को बजेट बक्तव्य मार्फत तलब भत्तामा गरेको बृद्धि बमोजिम हुने गरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तलब र भत्ता वृद्धि हुने व्यवस्था मिलाएको छ। करार सेवामा कार्यरत कर्मचारीहरुले हाल खाईपाई आएको तलबमानमा वृद्धिको लागि बजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८३।८४ को बजेटको स्रोत पेश गर्न चाहन्छु ।**

२६. आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट समानिकरण अनुदानमा रु १२ करोड ६१ लाख, शसर्त अनुदान चालु तर्फ रु २७ करोड ५६ लाख, शसर्त अनुदान पुँजीगत रु २५ लाख, समपुरक अनुदान ८५ लाख, विशेष अनुदान १ करोड ५ लाख तथा राजश्व बाँडफाँडमा रु ८ करोड २५ लाख प्राप्त अनुमान रहेको छ। त्यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदानमा रु १ करोड ७२ लाख ६० हजार, राजश्व बाँडफाँडमा रु ८५ लाख ३९ हजार ८ सय ३८ रुपैया ६० पैसा, समपुरक अनुदानमा रु ६० लाख र विशेष अनुदानमा रु ४० लाख प्राप्त हुने अनुमान गरिएको छ। त्यस्तै क्रमागत तथा भुक्तानी बाँकी आयोजनाहरुको बाहेक नगद मौज्दात रु १ करोड रुपैयाँ अनुमान गरिएको छ भने आगामी आर्थिक वर्ष गाउँपालिकाको आन्तरिक स्रोत १ करोड २३ लाख ४८ हजार हुने प्रक्षेपण गरिएको छ।

२७. आर्थिक वर्ष २०८१।८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२।०८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३।८४ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसै साथ पेश गरेको छु। गैरसरकारी संघसंस्थाहरुबाट आगामी आर्थिक वर्षमा गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुलाई यसै साथ पेश गरिएको छ ।

२८. आर्थिक वर्ष २०८३।०८४ को शीर्षकगत र स्रोत सहितको आय व्यय अनुमान तथा आर्थिक वर्ष २०८४।०८५ को अनुमानित आय व्यय र आर्थिक वर्ष २०८५।०८६ को अनुमानित आय व्यय सहितको मध्यमकालिन खर्च संरचना समेत यसै साथ पेश गरेको छु ।

२९. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट पूर्वाधारहरुको स्तरोन्नती भई नागरिकको जीवनयापन सहज हुने, रोजगारीका अवसरहरु बढ्ने तथा

गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत क्षमताको विकास हुने विश्वास लिएको छु।

३०. बजेट तर्जुमाको क्रममा आफ्नो अमूल्य राय, सल्लाह, सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, विषयक्षेत्रगत विज्ञ, गैरसरकारी संघसंस्थाका व्यक्तित्वहरु एवं स्वदेश तथा विदेशमा रहनुभएका आदरणी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभार र धन्यवाद ज्ञापन गर्दछु ।

३१. प्रस्तुत वजेट भिमसेनथापा गाउँपालिकाका तमाम नागरिकहरुको विकास र समृद्धिको सपनाको साझा दस्तावेज हो। हामीलाई प्राप्त साधन र श्रोतको परिधिमा निर्मित पाइला हो।यसको सफल कार्यान्वयनमा हामी सवैमा सामुहिक प्रतिवद्धता आवश्यक पर्दछ। त्यसको लागि हामी सवैले आफ्नो क्षेत्रबाट एक कदम अगाडि उभिएर उच्च समझदारीका साथ सहकार्य र एकताभाव प्रकट गर्नु पर्दछ ।म नमुना बन्छु र नमुना बनाउछु भन्ने अभियानमा संकल्प र प्रतिवद्धता साथ अघि बढी वजेट निमार्णमा सहयोग गर्नु हुने सवै प्रति आभार प्रकट गर्दै यसको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद ।**

**अमृता देवी वस्ती भट्ट**

**गाउँपालिका उपाध्यक्ष**